3
9 f

# प्राचीन नेपाल

पुरातत्त्व विभागको मुखपत्र

# ANCIENT NEPAL

## Journal of the Department of Archaeology

NUMBER 1
OCTOBER 1967

संख्या १
आश्विन २०२४

सम्पादक
रमेशजङ्ग थापा

Edited by
Ramesh Jung Thapa

Published by
The Department of Archaeology
His Majesty's Government
Kathmandu, Nepal

प्रकाशक
श्री ५ को सरकार
शिक्षामंत्रालय, पुरातत्त्व विभाग,
कान्तिपुर, नेपाल

प्राप्तिस्थान:
राष्ट्रिय अभिलेखालय
कान्तिपुर

**To be had of:**
The National Archives
Kathmandu

**मूल्य रू. ५।–**

**Price Rs. 5/-**

Text printed at the Himalaya Press, cover and plates printed
at the Jore Ganesh Press Pvt. Ltd., Kathmandu.

**प्राचीन नेपाल**
संख्या १
*आश्विन २०२४*

**Ancient Nepal**
Number 1
*October 1967*

**सम्पादकमण्डल**

रमेश जङ्ग थापा
नीलरतन बनर्जी
बुद्धिसागर पराजुली
सी. आर. स्वामिनाथन

**Editorial Board**

Ramesh Jung Thapa
N. R. Banerjee
C. R. Swaminathan
Buddhisagar Parajuli

# विषयसूची

# CONTENTS


| | पृष्ठ | Page |
|---|---|---|
| टिप्पणी र समाचार | क | क |
| Notes and News | घ | घ |
| नेपाली संस्कृतिको ऐतिहासिक आधार | | |
| *सूर्यविक्रम ज्ञवाली* | १ | 1 |
| सुमतितन्त्र | | |
| *देवीप्रसाद लंसाल* | ५ | 5 |
| वास्तु | ११ | 11 |
| *बुद्धिसागर पराजुली* | | |
| Archives and Nepal | | |
| *By Ramesh Jung Thapa* | १५ | 15 |
| Nepal's Heritage | | |
| *By C. R. Swaminathan* | १९ | 19 |
| A Note on the Iconography of Uma-Mahesvara in Nepal | | |
| *By N. R. Banerjee* | २२ | 22 |



श्री ५ महाराजाधिराज महेन्द्र वीर विक्रम शाहदेव

**His Majesty King Mahendra Bir Bikram Shah Deva**

# टिप्पणी र समाचार

**श्री ५ महाराजाधिराज सरकारका** बाहुलीबाट राष्ट्रिय अभिलेखालयको समुद्घाटनका साथै यो पत्रिका प्रकाशित गर्ने सुअवसर पाएका छौं । नेपालको प्राचीन इतिहास तथा संस्कृतिको संदर्भमा पुरातत्त्वका विविध विषय, जस्तै प्राग् इतिहास, संग्रहालय, अभिलेखालय, हस्तलिखित ग्रन्थ, लिपि, मुद्रा तथा ललितकला आदिका क्षेत्रमा विभागद्वारा सञ्चालित तथा कार्यान्वित गंभीर अनुसन्धान तथा खोजका प्राप्त परिणाम र पुरातत्त्वका आफ्नै ढंगका अनेक वैज्ञानिक पक्षको सही जानकारी दिनु यस प्रकाशनको मूलभूत उद्देश्य हुनेछ । अद्यापि अप्रकाशित तथा दुर्लभ तथ्यको रहस्योद्घाटन गरेर समस्त विश्वका अनुसन्धान कर्ताहरूका निम्ति आवश्यक सूचना तथा विचारविमर्शका सामग्री प्रस्तुत गर्नु यस मुखपत्रको लक्ष्य हुनेछ ।

यो पत्रिका पुरातत्त्वको क्षेत्रमा काम गर्ने सबै प्राविधिज्ञका निम्ति खुला छ । हामीले यस पत्रिकालाई द्विभाषी बनाएका छौं जसबाट यसले नेपाली मात्रका साथै बाह्य जगत्को आवश्यकताको परिपूर्ति पनि उत्तिकै मात्रामा गर्न सकोस् । कारण आजको युगमा कुनै पनि मुलुक एउटै विशाल संसारको अभिन्न अंग हुन गएको छ । यसै संदर्भमा विषयवस्तु हेरी अंग्रेजी वा नेपालीका लेखहरूको आवश्यकतानुसार पूर्ण वा आंशिक अनुवाद प्रस्तुत गर्ने प्रयास समेत गरिनेछ ।

विभागको कुनै पनि क्षेत्रमा गरिने नयां खोजको जानकारी यस पत्रिकाद्वारा दिइनेछ । साथै यस्ता नयां खोजका संबन्धमा तथ्यपूर्ण, अनुसन्धानात्मक लेख यथाशीघ्र प्रकाशित गरिनेछ । पुरातत्त्व विभागद्वारा सञ्चालित अन्वेषण तथा उत्खननसंबन्धी कार्यक्रमको पूर्ण प्रामाणिक प्रतिवेदन यसै पत्रिकामा प्रकाशित हुनेछ ।

यद्यपि यस पत्रिकाको जन्म मुख्यत: विभागीय गतिविधिको जानकारी दिनका लागि भएको हो, तथापि यो आशा गर्नु सर्वथा उचित हुनेछ— नेपाली संस्कृतिको क्षेत्रमा काम गर्ने राष्ट्रिय तथा अन्तर्राष्ट्रिय अनुसन्धान कर्ताहरूका निम्ति यो एउटा आदर्श केन्द्र बन्नेछ । नि:सन्देह यसबाट हाम्रो ऐतिहासिक आवश्यकताको परिपूर्ति हुनेछ । यस संदर्भमा, प्रस्तुत पत्रिकाको प्रकाशनले समस्त देशको गंभीर अनुसन्धान गर्ने भावनाको सृजना होला भन्ने आशा गर्नु न्यायसंगत हुनेछ ।

वर्षको चार अंक प्रकाशित गर्ने हाम्रो लक्ष्य छ, जस्तै, वैशाख, श्रावण, कार्त्तिक र माघमा । तर यो पहिलो अङ्क राष्ट्रिय अभिलेखालयको उद्घाटन समारोहको शुभउपलक्षका लागि एक महिना अघि नै निकाल्न लागेका छौं । आगामी अङ्क यथासमयमा प्रकाशित हुने छन् । नि:सन्देह, यसको नियमित प्रकाशन उच्चस्तरको गहकिलो लेखको सामयिक संग्रहमा निर्भर गर्नेछ ।

× × ×

२०२३ सालमा भारतीय सहायता नियोगद्वारा भारतीय पुरातत्त्व विभागका वरिष्ठ अधिकारी डा. नीलरतन बनर्जीको सेवा सल्लाहकारका रूपमा उपलब्ध गराइयो। यसपछि कान्तिपुर उपत्यकाको पुरातात्त्विक सर्वेक्षण तथा लिच्छविको प्रसिद्ध स्थल धूमवाराहीमा

वैज्ञानिक उत्खनन गर्ने काम सुसम्पन्न भयो । तत्पश्चात् तौलिहवा नजिकै तिलौराकोट नामक स्थलको उत्खनन गरियो । तिलौराकोट प्राचीन कपिलवस्तु हो भन्ने अनुमान गरिएको छ ।

पुरातत्त्व बगैंचाको निर्माण प्रारम्भ भएको छ । श्री महेन्द्र संग्रहालयको निर्माणकार्य सक्रियतापूर्वक गरिंदै छ। भक्तपुरमा आफ्नै ढंगको पहिलो काष्ठकला-संग्रहालयको उद्घाटन सुसम्पन्न भयो। वीरपुस्तकालयमा रहेका केही महत्त्वपूर्ण शिलापत्र तथा मूर्त्ति नेपाल म्यूजियममा पुऱ्याइएका छन् र पुरातत्त्व विभागद्वारा तीनसयभन्दा बढी दुर्लभ एवं बहुमूल्य ऐतिहासिक मुद्राको संग्रह गरिएको छ ।

कतिपय सरकारी कार्यालयहरूमा रहेका पुराना ऐतिहासिक कागजपत्रको लगत बनाउनुका साथै पूर्वी नेपालको मेची अञ्चलबाट महत्त्वपूर्ण ऐतिहासिक सामग्रीहरूको संकलन गरियो ।

वीरपुस्तकालयको अन्वेषणटोलीद्वारा पोखरामा दुष्प्राप्य हस्तलिखित ग्रन्थहरूको संकलन गरियो । यीमध्ये "सचित्र चण्डी" विशेष उल्लेखनीय छ। शिलापत्र तथा यिनको प्रतिलिपि उतार्ने कार्यक्रम पनि संतोष-प्रद रह्यो ।

पुरातत्त्व विभागको सर्वाधिक महत्त्वपूर्ण कार्यक्रम यूरोपमा आयोजित नेपाली कला प्रदर्शनीलाई मान्न सकिन्छ । यस प्रदर्शनीले यूरोपमा असाधारण लोक-प्रियता प्राप्त गरेर नेपाली कलाको अन्तर्राष्ट्रिय व्यक्तित्व खडा गर्ने काममा उत्साहवर्धक सफलता प्राप्त गर्दैछ । सर्वप्रथम यस प्रदर्शनीको उद्घाटन फ्रांसमा **श्री ५ महाराजाधिराज सरकारका** बाहुलीबाट सुसम्पन्न भयो। तत्पश्चात् जर्मनीको एसेन नगरको भीला ह्यूगेलमा केही महिना प्रदर्शित भई **श्री ५ महाराजा-धिराज सरकारका** बाहुलीबाट पुनः नीदरलैंडसमा यसको उद्घाटन सुसम्पन्न भयो । नीदरलैंडसपछि बेल्जीयमको मेखीलेन नगरमा र हाल डेनमार्कको ओरहुस नगरमा नेपाली कला प्रदर्शनीको आयोजना भइरहेको छ । यस प्रदर्शनीका लागि "नेपाली कला" नामक सुन्दर तथा प्रामाणिक पुस्तक प्रकाशित गरियो ।

यस वर्ष काठमाडौंको प्रदर्शनीस्थलमा **श्री ५ महाराजाधिराज सरकारका** शुभजन्मोत्सवको पवित्र अवसरमा नेपाली कला र पुरातत्त्वका विभिन्न क्षेत्रसंग संबन्धित वस्तुहरूको आफ्नै ढंगको पहिलो भव्य प्रदर्शनीको आयोजना गरियो । यस अवसरमा लुम्बिनी तिलौराकोट, कुदान, हाँडीगाउँ धूमवाराही, बनजरही, पँसिया आदि क्षेत्रमा उत्खननमा प्राप्त सामग्रीहरू पनि प्रदर्शित गरिए ।

यस वर्ष तीन पुस्तक प्रकाशित गरिए । ती हुन्, बौद्ध सूचिपत्र, बौद्ध तंत्रसूची तथा पुष्पचिन्तामणि । लिपि प्रकाश, भाषावंशावली एवं प्रतिष्ठा-लक्षण नामक पुस्तकहरू चाँडै प्रकाशमा आउने छन्।

राष्ट्रिय स्मारक तथा कलाकृतिको जीर्णोद्धार गर्ने कार्य बृहत् स्तरमा सञ्चालित भइरहेका छन् । यसरी पुनरुद्धार कार्यक्रम अन्तर्गत चोभारगणेश, कुम्भेश्वर, खोखना रूद्रायणी, भीमसेन, मूलचोक, मत्स्येन्द्रनाथ काष्ठमण्डप, कीर्तिपुर बाघभैरव, बूढानीलकण्ठ, पशुपतिक्षेत्र, भक्तपुर भीमसेनथान, तलेजु, देगुतले ललितपुर आदिको पुरातात्त्विक सिद्धान्त अनुरूप उचित संरक्षण गर्ने काम सुसम्पन्न भएको छ । काष्ठमण्डप, कुम्भेश्वर र चोभार गणेशबाहेकका अन्य स्मारकहरूको जीर्णोद्धार पुरातत्त्व निर्देशकको अध्य-क्षतामा गठित "गुठी जीर्णोद्धार तथा निर्माण समिति" द्वारा गरिएका हुन् । यसबाहेक श्री ५ को सरकार पुरातत्त्व विभागद्वारा आफ्नै विकास कोष अन्तर्गत ललितपुरको गावहाल स्थित कृष्णमन्दिर एवं चण्डेश्वरीमन्दिरको पुरातात्त्विक जीर्णोद्धार गर्ने काम सुसम्पन्न गरियो ।

नेपालमा रासायनिक प्रक्रियाद्वारा जीर्णोद्धार गर्ने कार्यको समेत नयाँ परम्पराको जग बसालिएको छ । यस अन्तर्गत पुरातत्त्व विभाग, नेपाल तथा भारतीय पुरातत्त्वको संयुक्त प्रयासमा भक्तपुर दरबारको प्राचीन भित्तिचित्रको रासायनिक पुनरुद्धार गरी अदृश्य चित्र पुनः देखिने भएका छन्। यस्तै किसिमको अर्को कार्य नेपाली प्राविधिज्ञद्वारा काठमाडौंको कुमारी-घरमा गरियो । कुमारीघरको भित्तामा लेखिएका

मल्ल कालिक सुन्दर भित्तिचित्र धूंवा, धूलो तथा अन्य प्राकृतिक कारणबाट अदृश्य भएकोमा गुठीसंस्थानको अनुदानमा रासायनिक प्रक्रियाद्वारा यसको पुनरुद्धार गर्ने कार्य सम्पन्न गरियो । परिणामस्वरूप अन्य चित्र बाहेक जयप्रकाश मल्लको राजकीय पोशाक पहिरिएको पूरा चित्र देखा पर्‍यो ।

पत्रिकामा त्रुटिहरूको संबन्धमा म पूर्ण रूपले चेतनशील छु । तर अत्यन्त छोटो अवधिभित्र यसलाई निकाल्नुपरेको तथ्यसमेत अवगत गराउन चाहन्छु ।

यस महान् कार्यको शुभारम्भमा सहयोग गर्ने मेरा तमाम सहयोगीहरू र खास गरी श्री डा० बनर्जी प्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु ।

—रमेश जंग थापा

# Notes and News

The inauguration of the National Archives of Nepal by H. M. the King has provided us at once with an opportunity and occasion to launch upon the venture of a journal. Its purpose primarily is to publish the results of academic research carried out by the Department of Archaeology in the different fields of prehistory and field archaeology, museums, archives, manuscripts, epigraphy, numismatics, art and architecture, in relation to the ancient history and culture of Nepal, besides various technical aspects of our work. The idea is to bring forth the hitherto unpublished and rare data and place them before the world of scholars for their information and consideration.

The journal is, however, open to all scientific workers in the field and has had, of necessity, to be made bilingual, to serve as much the requirements of the Nepalese people, as of others outside, for to-day any country is but a constituent part of a large 'One World'. It shall therefore be our endeavour to give in all suitable cases of the articles, a full translation, as the case may be, or at least a summary of the main points, where a fuller treatment is neither possible nor necessary, either in Nepalese or English, for the benefit of all.

The new discoveries in any field of activity entrusted to the Department would be published in the journal, as well as interpretative articles thereupon as soon as possible after their discovery. Reports of excavations and explorations carried out by the Department would also be published in it with full documentation.

It is hoped that the journal, though primarily meant to serve as a bulletin of the Department of Archaeology, would provide the Nepalese scholars in particular and workers no Nepalese Culture from outside Nepal in general with a forum, and thus fill a long-felt want. It is hoped, therefore, that it will serve particularly as an incentive to serious research in the country. We hope to be able hereafter to bring out four issues in the course of a year, namely in Vaisakh (April–May), Sravan (July–August), Kartik (Oct.–Nov.) and Magh (January–February), respectivey, depending upon the availability and value of the contributions, which would be open to all scholars in general.

* * * * * * *

At the beginning of the financial year 1966–67 (2023–2024 Vikram Samvat), the Department was provided by the Indian Co-operation Mission with an Archaeological Adviser, in the person of Dr. N. R. Banerjee, a senior officer of the Archaeological Survey of India. Shortly after his appointment, early in the summer of last year (1966) a quick survey of the Kathmandu valley was followed by an excavation at Dhum Varahi, a Lichchhavi site on the outskirts of Kathmandu, and later, during the following

winter and early summer of the current year, at Tilaurakot, tentatively identified with Kapilavastu, near Taulihawa, in the Terai.

The year witnessed the laying of the foundation of the Archaeological Garden in Lalitpur and the Mahendra Samgrahalaya in the premises of the Nepal Museum, the inauguration of the Woodworks Museum at Bhaktapur, the transference of some stone inscriptions and sculptures from the Bir Pustakalaya to the Nepal Museum and the acquisition of a set of over three hundred coins by the Department of Archaeology.

Apart from the listing of the historical documents in the possession of Government Departments, some documents of value were collected from the Mechi Anchal in Eastern Nepal.

A few manuscripts were also collected for the Manuscripts Section of the Rashtriya Abhilekhalaya, by the Bir Pustakalaya, from Pokhara. Among them special mention may be made of a 'Sachitra Chandi'

A drive to collect inscriptions or their rubbings has met with success.

An event of considerable importance and interest, obviously of popularity, during the year was the organization of an exhibition of Nepalese art in Europe. It was first held in Paris (France) in October-November 1967, and thereafter in quick succession at Essen (W. Germany), The Hague (Netherlands), Mechilen (Belgium) and is now in Arhus (Denmark). At the same time a catalogue of the exhibition, entitled *Nepalese Art,* including an 'Introduction' was published early in October '66. The exhibitions at Paris and the Hague were inaugurated by the gracious hands of His Majesty the King.

For the first time a comprehensively representative exhibition of Nepal's art and archaeology illustrated with photographic enlargements and objects including excavated antiquities from Banjarahi, Kudan, Paisia, and Lumbini, Tilaurakot, Hadigaon, Lajimpat, Dhumvarahi was organized at the Exhibition grounds at Kathmandu on the occasion of the birthday of His Majesty the King, in June 1967.

We have published three books, namely 'Bauddha Suchi Patra', 'Bauddha Tantra Suchi' and 'Puspachintamani' during the year. Three others, namely, 'Lipi Prakasa', 'Bhasha Vamsavali' and 'Pratishtha-Lakshana' are in the press.

We have also undertaken extensive conservation works on our ancient monuments, and the most important ones comprising the Kashthamandapa, at Kathmandu, the Ganesa temple at Chobhar, the Rudrayani temple at Khokana, the Bhimsena, Kumbhesvara, Matsyendranatha, Krishna (Gabahal), Chandesvari, Taleju and Degutale temples and the Mulchowk, at Lalitpur, the Bagh Bhairava temple at Kirtipur, the Buddha Nilkantha image and its surroundings at Budha Nilkantha, minor structures at the Pasupati temple at Deopatan and the Bhimsena temple at Bhaktapur have so far received considerable measure of attention, and repairs, except those at the Kashthamandapa, Kumbhesvara, Gabahal Krishna, Chandesvar and Chobhar Ganesa temples have, been carried out through the agency of the Guthi Jirnnoddhara tatha-Nirmana Samiti, of the Guthi Samsthan, under the Chairmanship of the Director of the Department of Archaeology.

These works have followed and established the principles of archaeological conservation in Nepal.

Archaeological Chemistry too has made humble beginnings in Nepal during the current year. Following closely upon the completion of the chemical treatment of the murals at the palace of Bhupatindra Malla at Bhaktapur, undertaken by the Department with the help of a Chemist from the Archaeological Survey of India, provided by the Indian Co-operation Mission, towards the beginning of the year, the murals at Kumari Ghar, which had been obscured by the accumulation of dust and smoke for over two centuries have been fully exposed by Nepalese Chemists and fixed by chemical treatment. One of the most exciting of the scenes brought thus to light is a full-size view of Jaya Prakasha Malla in warlike attire and regalia.

* * * * * * *

I am fully conscious of the blemishes of the journal. A good part of them has to be attributed to the extremely short period of less than a month devoted to seeing it through the press.

I avail myself of the opportunity to express my gratitude to my colleagues, particularly to Dr. Banerjee, who has throughout been associated with all aspects of our work, for their ungrudging co-operation and sharing of my responsibility in the matter, as also to the presses who have readily undertaken and accomplished the work in spite of the brief notice.

R. J. Thapa

# नेपाली संस्कृतिको ऐतिहासिक आधार

—सूर्यविक्रम ज्ञवाली

जुन भूमिमा वर्तमान समयमा नेपालको अधिराज्य स्थित छ त्यसबाट तराईको अंश झिकी दिए त्यसको बांकी ठूलो भाग पर्वतमय भूमिको रहन्छ। यो पर्वतमय भूमि भागमा पुग नपुग दुई हजार वर्ष अघिदेखि नेपालको इतिहास निर्माण भै रहेछ। यो निर्माणमा तराईको पनि ठूलो भाग छ। यसै कारणले वर्तमान नेपाल अधिराज्यका विविध भागमा बस्ने मानिसहरू आफूलाई पूर्ण रूपले नेपाली ठान्छन् औ नेपाली गौरव तथा संस्कृतिको रक्षाका निम्ति उनीहरू सधैं तत्पर छन्। तराई, पहाड तथा काठमाण्डूको खाल्डो, यी तीन क्षेत्रका सांस्कृतिक आदान प्रदानद्वारा नै नेपाली जाति तथा संस्कृतिको निर्माण भएको हुनाले वर्तमान समयमा नेपाली जाति पहाडको मैलपोस औ मदेशको अल्खा दुवै लाउने भएको छ।

प्राचीन कालमा, काठमाडूका उपत्यकाको पूर्वीय भागमा विशेष सांस्कृतिक, सामाजिक वा राजनीतिक विकास भएका कुराको विशेष प्रमाण पाउन बांकी नै छ। आधुनिक सभ्यता तथा संस्कृतिको पूर्वमा धेरै पछि विकास भएको हो कि भन्ने अनुमान हुन्छ।

इसवी सम्वत् आरम्भ हुनु भन्दा पाँच छ सय वर्ष अघि नेपालका दक्षिणको भूमि भाग जसलाई हामी तराई भन्छौं त्यसको उत्तर भारतका सांस्कृतिक जीवनमा बड़ो महत्वपूर्ण स्थान थियो। तिन ताक मगध, कोशल, कौशांम्बी तथा उज्जयिनी चार राज्य प्रसिद्ध थिए।

कोशलका दक्षिण-पूर्वमा लिच्छवी, शाक्य आदि गणतान्त्रिक राज्य थिए। शाक्यहरूका राज्यको उत्तर सीमा पहाड़ थियो तथा यिनीहरूका प्रमुख स्थान हाम्रै तराईमा पर्छन्।

रहंदा बस्दा मगध बलियो हुंदै आयो औ मगधका राजा अजातशत्रुले कोशल जिती त्यसलाई आफ्नो राज्यमा सम्मिलित गराए। गणतान्त्रिक जाति लिच्छवी तथा शाक्यहरूका राज्य पनि यिनीद्वारा विजित भै मगधमा सम्मिलित गरिए। मगध राज्यको विस्तार बढाई दक्षिणमा गंगाको तटवर्ती पाटलिपुत्रलाई यिनले आफ्नो राजधानी तुल्याए।

वहां पछि मगधमा मौर्य जातिको राज्य कायम भयो। मौर्यहरू पनि लिच्छवी तथा शाक्य झैं हाम्रै नेपालका पहाड़ी जातिका मानिस हुन् भन्ने अनुमान छ।

मौर्यहरूको समयभन्दा दुई शताब्दी अघि शाक्य वंशमा भगवान् बुद्धको जन्म भएको थियो। नेपालका ऐतिह्यमा ता काठमाण्डुमा स्वयं बुद्ध आएको कुरा छ। उनी स्वयं नआएका भए तापनि उनका शिक्षाको प्रतिध्वनि ता काठमाण्डूमा अवश्य पुग्यो होला भन्ने अनुमान छ।

कौटिल्यको अर्थशास्त्रमा राज्यकोषमा संग्रह गरिने योग्य वस्तुको सूची छ। भारतका विविध भागमा पाइने बहुमूल्य पदार्थहरूको गणना पनि त्यो सूचीमा गरिएको छ। त्यसमा नेपालका राड़ी, पाखी इत्यादि अल्प मूल्य भएका कुरा संग्रहणीय वस्तु भएको हुनाले नेपाल त्यो बेला विशेष उन्नत अवस्थामा नभएका कुराको अनुमान हुन्छ। नागरिक जीवन तथा त्योसंग सम्बन्ध राख्ने आर्थिक अभ्युदय त्यो समयमा नेपालमा नभएको कुरा बुझिन्छ।

लिच्छवीहरूको एउटा हांगो नेपाल आई यहाँ आफ्नो शासन कायम गरी बसेको कुरो नेपालका इतिहासबाट चाल पाइएको छ। यी लिच्छवीहरूले

नेपालमा कहिले शासन स्थापित गरे सो निश्चित रूपले थाहा नपाइएको भए तापनि इस्वी सम्वत्का आरम्भिक चार शताब्दी सम्म यिनीहरूले नेपालमा आफ्नो शासन स्थापित गर्नु सम्भव छ।

लिच्छवीहरूका शासनकालमा नेपालमा दुइवटा अत्यन्त महत्व पूर्ण घटना भए जसले गर्दा नेपाली संस्कृतिको जग बसालियो औ त्यो सुदृढ भयो।

प्रथम ता, बौद्ध, वैष्णव, शैव आदि धर्महरूलाई लिच्छवीहरूको संरक्षण प्राप्त भयो। यसले गर्दा संस्कृत भाषाको अध्ययन गर्ने चलन यहाँ चल्यो तथा जुन संस्कृतिको संस्कृत भाषासित सम्बन्ध छ त्यसको यहाँ प्रवेश तथा उन्नति भयो र दोस्रो, लिच्छवीहरूका शासनकालमा केवल खेतीमा निर्भर गरेको नेपाल, भोट तथा चीनसित व्यापार गर्ने भयो। यसले गर्दा नेपालको आर्थिक स्थितिमा ठूलो समृद्धि उत्पन्न भयो। यसैको परिणाम स्वरूप नेपालले कलाहरूका क्षेत्रमा ठूलो उन्नति गऱ्यो। यो उन्नतिका वारीस आज हामी सबै भएका छौं।

नेपालमा दुई हजार वर्ष वा केही अघि वा पछि आरम्भ भएको उपर्युक्त सांस्कृतिक क्रियाले काठमाण्डूलाई हाम्रो अधिराज्यका अरू पहाड़ी भागसित पृथक् तुल्याउने थियो तर सौभाग्यवश पश्चिम पहाडमा पनि यही सांस्कृतिक क्रिया प्राचीन कालदेखि नै आरम्भ भएका कुराको प्रमाण पाउन लागेका छौं। यो अत्यन्त रोचक तथा गम्भीर विषय सम्बन्धी प्राप्त प्रमाणहरूको तल केही आलोचना गरिन्छ।

नेपालका पश्चिममा पहिले सप्तगण्डकी प्रदेश पर्छ। वहाँपछि कर्णाली प्रदेश पर्छ। कर्णाली प्रदेशमा डोटी तथा जुम्ला नामक दुई इलाका छन्। डोटी भारतको प्राचीन क्षेत्र कुमाउँसित जोरिएको छ तथा जुम्लाको मानसरोवरका अञ्चलसित सम्बन्ध छ।

यो प्रदेशको दुल्लु नामक स्थानमा मल्ल वंशका पृथ्वी मल्ल नामक एक जना राजाको उनको वंशावली भएको १३५७ ई. को एउटा स्तम्भलेख पाइएको छ। पृथ्वी मल्लको स्तम्भलेख बाहेक उनका वंशका अरू मल्ल राजाहरूका पनि ताम्र, शिलालेख इत्यादि पाइएका छन्। यिनका अध्ययनबाट सुदूर पश्चिमतिर नेपाली संस्कृतिको कसरी विकास भएको रहेछ त्यसको हामीलाई केही ज्ञान हुन्छ।

पृथ्वी मल्लले दुल्लुका स्तम्भ लेखमा आफ्नो जो वंशावली अंकित गराएका छन् त्यसमा उनी भन्दा अघि हुने ३९ राजाहरूको नाम प्राप्त भएको छ, सम्भवतः एक दुइ नाम अझ प्राप्त हुनु बाँकी छ। यिनको दसौं पुर्खा अशोकचल्लको १२७० ई. को एउटा लेख पाइएको छ। अशोकचल्लका ज्ञात २७ पुर्खाको राज्यकाल प्रत्येकको सरदर २० वर्षको राज्यकाल माने ५४० वर्ष हुन्छ। १२७० ई. बाट ५४० वर्ष घटाएपछि हामी ७३० ई. नेर पुग्छौं। यताबाट अष्टम शताब्दीका मध्य भागमा कर्णालीका प्रदेशमायो वंशको शासन आरम्भ भएका कुराको अनुमान हुन्छ।

उत्तर भारतका प्रतापी राजा हर्षवर्धनको मृत्यु ६४७ ई. मा भएको हो। उनको मृत्यु पछि उत्तर भारतमा जुन एउटा शक्तिशाली बृहत् राज्य स्थापित गर्न उनी समर्थ भएका थिए त्यो खण्डित भै अनेक साना साना राज्यमा विभक्त भयो। हर्षको मृत्यु भएको सय वर्ष पनि नपुग्दै कर्णालीका प्रदेशमा स्वतन्त्र राज्य कायम भएको कुरा यताबाट बुझिन्छ। यो कुरालाई अर्का शब्दमा भनु भने संस्कृत भाषासित सम्बन्ध राख्ने धर्म तथा संस्कृतिको कर्णालीको प्रदेशमा अष्टम शताब्दीमा प्रवेश भएका कुराको अनुमान हुन्छ। काठमाण्डूका शिलालेखहरूका अध्यनबाट पनि सप्तम तथा अष्टम शताब्दी लिच्छवीहरूको गौरवकाल भएका कुराको अनुमान हुन्छ।

यसरी पूर्वमा काठमाण्डू तथा पश्चिममा कर्णाली प्रदेश दुवैमा बौद्ध धर्म तथा संस्कृत भाषाका प्रवेश द्वारा समान प्रकारको सांस्कृतिक परिणाम विकसित हुन थाले। पश्चिममा विविध मतमातान्तरको परिणाम विकसित हुन थाले। पश्चिममा विकसित मतमातान्तरको संघर्ष उति न भएका कुराको अनुमान हुन्छ। वहाँ पहिले बौद्ध धर्म, वहाँ पछि त्यो धर्मसित मेल राख्ने हिन्दू धर्म तथा अन्त्यमा हिन्दू धर्मको संस्थापन भएको कुरा बुझिन्छ।

समुद्रगुप्तको चतुर्थ शताब्दीको इलाहबादको स्तम्भलेखमा उनको करद सामन्त राज्य हुन स्वीकार गर्ने पाँच राज्य मध्ये कर्तपुर अर्थात वर्तमान कुमाउँ

तथा नेपालको उल्लेख छ। कर्णालीको प्रदेश तथा सप्त गण्डकी प्रदेशमा चतुर्थ शताब्दीमा केन्द्रीय शासनको अभाव भएको तथा यो अञ्चलमा सभ्यता तथा संस्कृतिको पनि निकै पछि प्रसार भएको बुझिन्छ।

अष्टम शताब्दी देखि कर्णालीका प्रदेशमा संस्कृत भाषालाई धार्मिक भाषा मान्ने संस्कृति यहाँ प्रवेश भएका कुराको माथि उल्लेख भै सकेको छ। मल्लहरूको जुन राज्य यो प्रदेशमा स्थापित भयो त्यो कालान्तरमा बडो शक्तिशाली भयो। माथि उल्लेख गरिएका अशोक चल्लका पिता क्राचल्लले १२२३ ई. मा कुमाउँ विजय गरी वहाँ आफ्नो राज्य स्थापित गरेको कुरा प्रमाणित छ। सम्भवत: यी मल्लहरूको राज्य डोटी तथा जुमला देखि परतिर पर्ने मानसरोवरको अञ्चलमा पनि थियो तथा यिनीहरूबाट त्यो अञ्चलमा बौद्ध धर्मका प्रसारमा सहायता पनि भएको थियो। पश्चिम तराईमा यिनीहरूको नै राज्य थियो तथा कैलाली कञ्चनपुरको मलवारा "मल्लवार" उनीहरूका राज्यमा पर्ने ढोका जस्तै थियो।

काठमाण्डूमा शासन गर्ने लिच्छवीहरूले आफूलाई चार भंज्यांग भित्र सीमित नराखी त्यो बाहिर उनिहरू पूर्व तथा पश्चिम दुवैतिर बढ्न लागेका कुराका अनेक प्रमाण उपलब्ध छन्। गोर्खामा समेत उनीहरूको एउटा नष्टप्राय: शिलालेख भेटिएको छ। यताबाट अष्टम शताब्दीमा लिच्छवीहरूले आफ्नो प्रसार द्वारा संस्कृति पूर्व तथा पश्चिम दुवैतिर फिंजाउन लागेको कुरा चाल पाइन्छ। तर लिच्छवीहरूको शक्ति वैस तथा अरु स्थानीय मानिसका विद्रोहले क्षीण भएको हुनाले यो सांस्कृतिक प्रचारको कार्य एक प्रकारले स्थगित जस्तो भयो।

जसरी काठमाण्डूका लिच्छवीहरू पूर्व तथा पश्चिम तिर प्रसार गर्न अघि सरेका थिए उसै गरी कर्णालीका प्रदेशका मल्लहरू आफ्नो पश्चिम तिरको प्रसार संगसंगै पूर्वतिर पनि प्रसार गर्ने चेष्टामा भएका कुराको अनुमान हुन्छ। काठमाण्डूका लिच्छवीहरूका शिलालेखहरूमा चांगुनारायण स्थापित गर्ने मानदेव लिच्छवीले काली गण्डकी स्वयं गै वहाँ शत्रुलाई हराएको कुरा छ। फेरि लिच्छवीहरूका शिलालेखमा एउटा "मल्ल कर" नामक करको उल्लेख छ। मल्लहरूबाट स्वदेशको रक्षा गर्न यो कर लाइएको होला भन्ने अनुमान छ। उपर्युक्त कुराबाट लिच्छवी तथा पश्चिमका मल्लहरूमा ठूलो प्रतिद्वन्दिता भएको कुरा चाल पाइन्छ। यो प्रतिद्वन्दिता सप्त गण्डकी प्रदेशका निम्ति भएको होइन भनी को भन्न सक्छ?

काठमाण्डूमा लिच्छवीहरूको शक्ति क्षीण भएपछि माध्यमिक कालमा कर्णाली इलाकाका मल्लहरूले तेरहौं शताब्दीको अंत्य तथा चोधौं शताब्दीका प्रारम्भमा तीन वटा आक्रमण गरेको कुरा मल्लले १३१३ ई. मा चाल पाइएको छ। जयतारि मल्लले १२८८ ई. मा, रिपु तथा आदित्य मल्लले १३२८ मा तीन पटक पूर्वतिर असफल आक्रमण गरेको प्रमाण छ। यी आक्रमण सप्त गण्डकी प्रदेशबाट सम्भवत: भएका थिए।

अब यहां एउटा प्रश्न उठ्छ यो समयमा सप्त गण्डकी प्रदेशको सांस्कृतिक दृष्टिले के स्थिति थियो।

निश्चित प्रमाणका अभावले यहाँ केही अनुमान गर्न परेको छ। पूर्वबाट लिच्छवी तथा पश्चिमबाट मल्लहरूका प्रभावले गर्दा यो प्रदेशका दुवै छेउमा यिनीहरूको संस्कृति निश्चित रूपले प्रवेश गरी सकेको थियो। पूर्व तिर गोर्खासम्म यसको प्रभाव पुगेको थियो तथा नुवाकोट इलाकामा ता यी सुदृढ नै भएका थिए। पाल्पा, पर्वत आदि ठाउँमा पनि यसको प्रभाव पुगेका कुराको अनुमान सोह्रौं शताब्दीमा पाल्पामा यही संस्कृति मान्ने सेनहरूको उदय भएका कुराबाट अनुमान गर्न सकिन्छ।

सप्तगण्डकी प्रदेशका विषयमा अरू कुरा भन्न पर्ने आवश्यकता छैन। एक्कासी सोरहौं शताब्दीमा पाल्पामा सेन वंशका अनेक साना साना राज्यमा विभक्त भएको कुरा चाल पाइन्छ। कर्णालीका मल्लहरूको जुन संस्कृति थियो उही सेनहरूको पनि थियो भन्ने कुरा यहाँ भनी रहन पर्दैन। यी भन्दा केही शताब्दी अघि शाह वंश पनि सप्त गण्डकी प्रदेशमा पुगिसकेको थियो। धेरै काल सम्म शाह वंशको कार्यक्षेत्र यही प्रदेश रह्यो। सेनहरू भने पहाडमा अनेक ठाउँमा फिंजिइ दक्षिण पट्टि लागे। आधुनिक नेपाल अधिराज्यको जम्मै तराई भाग भने जस्तो आफ्ना अधीन गराई मोरंग तथा इलाम तिरबाट पूर्वी नेपालमा सेन वंशले आफ्नो संस्कृतिको संवाद पुर्‍यायो। यिनीहरूका प्रभावले काठमाडौं तथा

पश्चिमका संस्कृतिको प्रभाव पूर्वमा पनि पुग्यो औ यो वहां पनि कुनै न कुनै रूपमा त्यो काम गर्न थाल्यो।

तर सेनहरू धेरै टिक्न सकेनन्। नेपालको उही पुरानो रोग अर्थात् दाज्यूभाईमा राज्य बांड्ने प्रथाले गर्दा यिनीहरू निर्धा भए। यता काठमाण्डूमा पनि राज्य विभाजन गर्ने नीति चलिसकेको थियो औ काठमाण्डू उपत्यका तीन भागमा विभाजित भै निर्धो भै सकेको थियो।

यस्तो स्थितिमा अठारौं शताब्दीमा शाह वंश बलवान् हुंदै गयो। उसले सप्त गण्डकी प्रदेशबाट पूर्व तथा दक्षिणका स्थानहरूमा आफ्नो अधिकार स्थापित गर्‍यो।

हाम्रा वंशावलीहरूमा यी यावत् घटना वीरताका कथाका रूपमा वर्णित छन्। हाम्रा पूर्खा ठूलो निर्माणका कार्यमा व्यस्त थिए।

यो दृष्टिले हेर्दा पृथ्वीनारायण शाहको नेपाल विजयको पहलु सांस्कृतिक एकता सिद्ध हुन आउँछ। यो सांस्कृतिक एकताको महत्व अत्यन्त ठूलो छ। नेपाल अधिराज्यमा दुई हजार वर्ष देखि यसको विकास हुंदै थियो।। विविध स्थानमा सम्भवतः स्वतन्त्ररूपले विकसित यो संस्कृतिको मूलगत रूप समान थियो तथा यसले एउटा डल्लो पर्नु पर्ने थियो। त्यो सिद्धि अठारौं शताब्दीमा सम्पन्न भयो।

नेपालका विकासको यसै इतिहासमा नेपाली संस्कृति अन्तर्निहित छ। नेपाली संस्कृतिको जिउँदो स्वरूप यसैमा हामीले खोज्न पर्छ। नेपाली जाति आज दुई हजार वर्षदेखि अगाडि बढ्दैछ।

नेपालका सांस्कृतिक विकासको इतिहास अत्यन्त मूल्यवान् छ तर अध्ययन तथा शोधका अभावले यसका सम्बन्धमा हाम्रो ज्ञान अत्यन्त परिमित छ। हाम्रा विद्वान्‌हरू तथा विद्वत् समाजबाट यो विषयको खोजी भए मात्र नेपाली जातिका महत्वको हामीलाई ज्ञान हुनेछ। त्यसको एउटा उदाहरण यहाँ दिइन्छ।

नेपालबाट बौद्ध धर्म तिब्बतमा गयो। नेपाली पण्डित तथा विद्वान् अधिक संख्यामा प्राचीन तथा माध्यमिक कालमा तिब्बत गए औ बौद्ध धर्मको प्रचार वहाँ उनले गरे। तिब्बतका निवासीहरूलाई संस्कृत भाषा बुझ्न गाहारो थियो। उनीहरूले सैकड़ौं ग्रन्थ संस्कृतबाट तिब्बती भाषामा अनुवाद गर्न सहायता गरे। नेपालबाट कला, शिल्प तथा अनेक ज्ञान तिब्बतमा लगी वहाँ नेपालीहरूले सभ्यता तथा संस्कृतिको आलोक पुर्‍याए।

उसै गरी दुल्लुको मल्ल वंश पनि तिब्बतको पश्चिमी भागमा बौद्ध धर्मको राँको बाल्दै थियो। ज्ञानको स्रोत बगाउँदै थियो।

उपर्युक्त दुई उदाहरणबाट नेपाली संस्कृतिको एउटा प्रधान लक्षण ज्ञान प्रसार पनि रहेछ कि भन्ने लाग्छ। त्यो होस् वा नहोस् जहाँ जहाँ नेपालीहरू प्राचीन वा माध्यमिक कालमा गए वहाँ वहाँ ज्ञानको चिराँक लिएर गएको कुरा ता निश्चित छ।

आधुनिक समयको एउटा उदाहरण दी यो लेख समाप्त गर्छु। आसाममा धेरै नेपालीहरू गएको कुरा ता सबैलाई थाहा छ। तर एउटा कुरो जो सबैलाई थाहा न होला त्यो उनीहरूले आसाममा गरेको संस्कृत विद्याको प्रचार छ। आसाममा नेपाली पण्डितको आदर तथा सम्मान छ औ उनीहरू आसाममा अनेक संस्कृत पाठशाला वर्तमान समयमा चलाउँदै छन्।

यो आधुनिक समयको उदाहरणलाई पुरानु पहराको चोइटा हो भनी कसैले भन्यो भने भूल भनेको ठहरिने छैन।

---

# सुमतितन्त्र

—देवीप्रसाद लंसाल

ज्योतिषशास्त्रको गणित स्कन्धमा सिद्धान्त, तन्त्र र करण तीन भेद छन् । करणमा केवल ग्रह गणित मात्र हुन्छ । सिद्धान्त अथवा तन्त्रमा मुख्यत: दुई अंग छन् । एकमा केवल ग्रह गणित र द्वितीयमा प्रधानत: सृष्टि-रचना सम्बन्धी वर्णन, गोलविचार, मन्त्ररचना र कालगणना इत्यादि विषय हुन्छन् । यी दुवै अलग रहन सक्तैनन् राख्न पनि सकिदैन । अधिकांश सिद्धान्तमा दुवैको संमिश्रण पाइन्छ । सिद्धान्त, तन्त्र र करणको लक्षण कसै–कसैले यस प्रकार गर्दछन् । जसमा ग्रहगणितको विचार कल्पादिबाट गरेको छ त्यो सिद्धान्त, जसमा महायुगबाट गरेको छ त्यो तन्त्र, जसमा कुनै इष्ट शकबाट गरेको छ त्यो करण । तीनै प्रकारका ग्रन्थमा जुन भिन्न–भिन्न प्रकरणमा ग्रह-गणितको विचार गरेको हुन्छ त्यसलाई अधिकार वा अध्याय भनिन्छ ।

जस्तै सुमति तन्त्रमा पनि :—

सुमते महातन्त्रे प्रथमाहर्गण समाप्तः ।
" तृतीयाहर्गण समाप्तः ।
" चतुर्थाहर्गण समाप्तः ।
" पञ्चमाहर्गण समाप्तः ।
" अहर्गणानयनं समाप्तः ।
" प्रथम धूलिकर्म समाप्तः ।
" प्रथम ग्रह मध्यमः ।
" द्वितीय ग्रह मध्यमः ।
" तिथिनक्षत्रकर्म समाप्तः ।
" सर्वग्रहाणां मन्दकेन्द्रोत्पत्ति षष्ठ पर्व समाप्तः ।
" प्रथम पर्व समाप्तः ।
" पञ्चताराग्रहाणां स्फुट द्वितीयपर्व समाप्तः ।
" सूर्यग्रहण षड्विध समाप्तः ।
" ब्रह्माण्ड परि समाप्तः । इत्यादि

तन्त्र अहिले चर्चाको विषय भएको छ । नेपाल देशका गौरव, प्रातःस्मरणीय आचार्य सुमतिका "सुमतितन्त्र" । उपर्युक्त आचार्यको जन्म समय त कुनै ठोस प्रमाण नपाई यस समयका हुन् भन्न मुश्किल हुन्छ । तर यस बीर पुस्तकालयमा रहेको पुस्तकको

लिपि ताड़पत्रको अध्ययनबाट भन्न सकिन्छ कि पुस्तकको आजसम्मको आयु ५५०-६०० वर्षभन्दा कमको छैन।

सुमतिले आफ्नो तन्त्र प्राचीन सूर्यसिद्धान्तको आधारमा लेखेका हुन्। उक्त सूर्यसिद्धान्त हाल उपलब्ध छैन। वर्तमान सूर्यसिद्धान्त र सुमतितन्त्रमा दिइएका विषय मिलाएर हेर्दा परस्पर भिन्नता पाइन्छ। लिपिकारको दोषबाट पुस्तकका पंक्तिहरू अशुद्ध छन्। यस लेखमा उद्धृत पंक्तिहरू पनि जस्ताको तस्तै सारिएकोले अशुद्ध नै छन्। पुस्तकका पंक्ति अशुद्ध भए तापनि विषय परमोपयोगी छ। यो तन्त्र प्रकाशमा आएपछि प्राचीन सूर्यसिद्धान्तको तिर्खालाई केही मात्रामा कम गर्नेछ।

सुमतितन्त्र प्राचीन सूर्यसिद्धान्तको आधारमा लेखेको हो भन्ने स्वयं आचार्यले लेखेका छन्। जस्तैः—

"सूर्यसिद्धान्तमध्येषु दध्नो घृतमिवाद्धृतम्। नाम्ना तु सुमतितन्त्रं सिद्धान्तस्य समुद्भवम्। तन्तथा कथयिष्यामि शृणु वक्ष्यामि सर्वत (:)।" यस प्रकार कल्प, मन्वन्तर, युग, वर्ष, ऋतु, मास, तिथि, प्रहर, मुहूर्त, नाडी आदि बनाउँदै अगाडि गएर युधिष्ठिर र दुर्योधन, नन्द, चन्द्रगुप्त, आदिको राज्यकालको पनि उल्लेख गरेको छ।

जस्तैः—

यातास्त्रयो युगानाञ्च कृतं त्रेताथ द्वापरं।
भविष्यं संप्रवक्ष्यामि कलिकालं यथाक्रमं।
जातो दुर्योधनो राजा कलियुग प्रवर्त्तते।
युधिष्ठिरो महाराजो दुर्योधनस्तयोऽपि वा।
उभौ राजौ सहस्रेद्वे वर्षन्तु संप्रवर्त्तति।
नन्दराज्यं शताष्टञ्च चन्द्रगुप्तस्ततः परे।
राज्यं करोति तेनापि द्वात्रिंशच्चाधिक शतं।
राजा शूद्रकदेवश्च वर्ष सप्ताब्धि चाश्विनौ।
शकराज्यं ततः पश्चाद्वसुरन्ध्रकृतन्तथा, इत्यादि।

सुमतिको मतानुसार युधिष्ठिरको राज्यकालभन्दा दुई हजार वर्षपछि नन्दको राज्याभिषेक भएको थियो भन्ने देखिन्छ। तर विष्णुपुराणमा लेखेको छः—

"यावत् परीक्षितो जन्मो यावन्नन्दाभिषेचनं। एतद्वर्षसहस्रन्तु ज्ञेयं पञ्चदशोत्तरं।" (विष्णु पुराण ४-२४)।

सुमतिको उक्तिमा सहस्रेद्वे, नभै (सहस्राब्दं) पाठ थियो कि? विष्णुपुराणमा परीक्षित्को जन्मभन्दा एक हजार पन्द्रह वर्षपछि नन्दको राज्याभिषेक भएको थियो भन्ने देखिन्छ। 'सहस्रेद्वे पाठ नपढेर', सहस्रन्तु, पाठ पढे विष्णुपुराणानुसार मिल्न आउँदछ, विष्णुपुराणमा नन्दराज्य १०० वर्ष मानेको छ। तर सुमतिले (शताष्ट) लेखेका छन् 'शताष्टञ्च' को सट्टा 'शताब्दञ्च' पाठ शुद्ध हुन सक्छ?

यो सुमतितन्त्र नेपालमा निकै आदरणीय थियो र यसको प्रतिलिपि पनि भैरहन्थ्यो। आज मूल पुस्तक उपलब्ध छैन तापनि वीर पुस्तकालयमा रहेको पुस्तक मूल पुस्तकबाट प्रतिलिपि भएको बुझिन्छ। कारण यसमा मानदेव राज्याब्दको उल्लेख छैन। नेपाल राष्ट्रिय पुस्तकालयमा रहेका पुस्तकका अन्त्यमा रहेको फोटो गरिएको पत्रबाट बुझिन्छ त्यसको मूल पुस्तक मानदेव प्रथमका राज्याब्दको प्रचलनपछि प्रतिलिपि गरिएको थियो[1]। अतएव त्यस पुस्तकमा मानदेव राज्याब्द "३०४" समेत थपिएको देखिन्छ। यद्यपि यस पुस्तकालयका पुस्तकमा रहेका लिपिका आधारमा यो पुस्तक त्यति प्राचीन भन्न सकिंदैन तापनि अरू कुनै प्रबल प्रमाण उपलब्ध नभएसम्म यस सुमतितन्त्रको शकराज्याब्द ४६८ पछि मानदेव राज्याब्दको प्रचलनभन्दा पहिले नेपालमा नेपाली सुमतिले रचना गरेका हुन् भन्न सकिन्छ। सम्भवतः वर्तमान सूर्यसिद्धान्तभन्दा सुमतितन्त्र जेठो बुझिन्छ।

---

*१. सुमतितन्त्रको प्रतिलिपि गर्ने प्रथा मानदेव प्रथमका पालादेखि नै चलेको थियो भन्ने नेपाल राष्ट्रिय पुस्तकालयमा रहेको तस्वीरबाट देखिन्छ। उक्त पत्रमा लेखेको छ :—*

अद्य वाराहकल्पे वैवश्वत मन्वन्तरे कलियुगे भरतखण्डे जम्बूद्वीपे हिमवत्पार्श्वे आर्यावर्तदेशे पुण्य भूमौ वाग्मतीकूले वाश्वकी (वासुकी) क्षेत्रे पशुपति सन्निधाने श्रीमच्छ्रीनेपालपत्तने शुभमस्तु सर्वजगतां ।

नेपालाब्द शरच्छिद्रवेद पौषाशितापक्षे त्रिदशतिथौयं २ माराध्यमारम्भमादिवारं ··· ··· मृत्यु योग ध्रुवं वरं ।

युधिष्ठिर दुर्योधन उभौराज्याब्द २००० । नन्दराज्याब्द ८०० । चन्द्रगुप्तराज्याब्द १३२ । शूद्रक देव राज्याब्द २४७ । शक राज्याब्द ४९८ । मानदेव राज्याब्द ३०४ । शुभम् ।

पाठक वर्गका संमुख सुमति र अरू आचार्यहरूका सिद्धान्तबाट उत्पन्न, क्षयाह, ग्रहभगण मन्दोच्च, मन्दफल, मन्दपरिधि, शीघ्रपरिधि विक्षेपकला तुलनार्थ दिइएको छ ।

सुमति र अरू आचार्यले सिद्ध गरेको एक महायुगमा क्षयाह यस प्रकार छ, मिलाएर हेर्नुहोस् ।

| | | | |
|---|---|---|---|
| सुमतितन्त्रानुसार | २५०८२२८० | द्वितीयार्यभटानुसार | २५०८२४७८ |
| सूर्यसिद्धान्तानुसार | २५०८२२५२ | ब्रह्मगुप्तानुसार | २५०८२५५० |
| प्रथम आर्यभटानुसार | २५०८२५८० | | |

सुमति र अरू आचार्यले सिद्ध गरेको ग्रहभगण मिलाएर हेर्नुहोस् ।

| | सुमति | आर्यभट | वर्तमान सूर्यसिद्धान्त | ब्रह्मगुप्त |
|---|---|---|---|---|
| रवि. | ४३२०००० | ४३२०००० | ४३२०००० | ४३२०००० |
| चन्द्र. | ५७७५३३३६ | ५७७५३३३६ | ५७७५३३३६ | ५७७५३३०० |
| चन्द्रोच्च | ४८८२१९ | ४८८२१९ | ४८८२०३ | ४८१०५३ |
| चन्द्रपात | २३२२३५ | २३२२२६ | २३२२३८ | २३२३११ |
| भौम. | २२९६८२४ | २२९६८२४ | २२९६८३२ | २२९६८२९ |
| बुध. | १७९३७००० | १७९३७०२० | १७९३७०६० | १७९३७००० |
| बृहस्पति | ३६४२२० | ३६४२२४ | ३६४२२० | ३६४२२६ |
| शुक्र. | ७०२२८८ | ७०२२३८८ | ७०२२३७६ | ७१२२०३८६ |
| शनि. | १४६५६४ | १४६५६४ | १४६५६८ | १४६५६७ |

सुमतिले ग्रह मन्दोच्च कुन कालको ल्याएका हुन् त्यो ग्रन्थमा स्पष्ट, उल्लेख छैन । आर्यभट, वर्तमान सूर्यसिद्धान्त, ब्रह्मगुप्त तथा केरो पन्तको दृश्य गणित, शाके ४२१ को र टालमीको शाके ७० वा इस्वीय सन् २१८ को हो ।

| | सुमितितन्त्र | प्र. आर्यभट | दृश्य गणित | वर्तमान सूर्यसिद्धान्त | ब्रह्मगुप्त | टालमी |
|---|---|---|---|---|---|---|
| रवि. | २।१९।५०।२ | २।१८।०।० | २।१७।७।० | २।१७।१५ | २।१७।५४ | २।५।३० |
| भौम. | ३।२०।३। | ३।२८।०।० | ४।८।११।० | ४।१०।१ | ४। ८।२३ | ३।२५।३० |
| बुध. | ७।९।४५।२२ | ७।०।०।० | ७।२४।१।० | ७।१०।२६ | ७।१४।५३ | ६।१०।० |
| गुरु. | ५।९।५१।३६ | ६।०।०।० | ५।२०।३८। | ५।२१।१६ | ५।२२।३१ | ५।११।० |
| शुक्र. | २।१०।५०।२ | ३।०।०।० | २।१९।४९। | २।१९।४९ | २।२१।१४ | १।२५।० |
| शनि. | ७।२०।५९।१२ | ७।२६।०।० | ७।२६।३७। | ७।२६।३७ | ८।२०।५४ | ७।२३।० |

बुध र शुक्रको आधुनिक मान र हाम्रा ग्रन्थमा दिएका मानका साथ तुलना गर्न ठीक पर्दैन । किनकि आधुनिक मान सूर्यविबस्थ द्रष्टाका दृष्टिबाट सिद्ध गरेको छ। हाम्रा ग्रन्थमा भूमिस्थ द्रष्टाका दृष्टिबाट सिद्ध गरेको छ।

सुमति र अरू आचार्यले सिद्ध गरेका ग्रह मन्दफल मिलाएर हेर्नुहोस्।

| | सुमति | प्र. आर्य भट | वर्तमान सूर्यसिद्धान्त | | टालमी | आधुनिक दृश्य | अंशादि |
|---|---|---|---|---|---|---|---|
| रवि. | २।१३।४३ | २।८।५५ | २।१०।३०। | वि. प. | २।२३ | १।५५।२७ | " विषमपद-बि. प. |
| चन्द्र. | ४।५५।४८ | ५।०।४८ | ५।५।३५। | वि. प. | ५। १ | ६।१७।१२ | " समपद स.प. |
| भौम. | ११।८।२७ | १०।१।३६ वि. प. | ११।२७।३३ | वि. प. | ११।३२ | १०।४१।३३ | " |
| बुध. | ४।२७।३३ | ५।०।४८। वि. प. | ४।२७।२३ | वि. प. | २।५२ | २३।४०।४३ | " |
| गुरु. | ५।५।३५ | ५।०।४८। वि. प. | ५।३१।३६ | बि. प. | ५।१६ | ५।३१।१४ | " |
| शुक्र. | २।१३।४१ | २।५१।५३। बि. प. | १।४५।२ | बि. प. | २।२३ | ०।४७।११ | " |
| शनि. | १०।२।५३ | ६।२६।४५। वि. प. | ७।३८।३१ | वि. प. | ३।२६ | ६।२६।१२ | " |

प्राचीन सूर्य सिद्धान्तानुसार सिद्ध गरिएका ग्रहमन्द परिधि र सुमतितन्त्रानुसार सिद्ध गरिएका ग्रहमन्द परिधि समानै छन्।

| | रवि | चन्द्र | भौम | बुध | गुरु | शुक्र | शनि |
|---|---|---|---|---|---|---|---|
| प्राचीन सूर्यसिद्धान्त | १४ | ३१ | ७० | २८ | ३२ | × | × |
| सुमतितन्त्र | १४ | ३१ | ७० | २८ | ३२ | १४ | ६० |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| प्रथम आर्यभट | १३।३० | ३१।३० | ६३। विषम<br>८१। सम | ३१।३० वि.प.<br>२२।३० सम | ३१।३०। वि, प.<br>२६। सम | वि. ८।६। स | वि. ४०।३०। सम<br>५८।६० |
| ब्रह्मगुप्त | १३।४० वि.प. | ३१।३६ वि.प. | ७०। वि.प. | ३८। वि.प. | ३३। वि.प. | ६ वि.प. । समप १ | ३० वि.प. |
| द्वितीय आर्यभट | १३।४० | ३१।३४ | ६७।३० | २७।३६ | २।१८ | ६।३५ | ५२।४२ |

सुमतितन्त्रोक्त र अरू आचार्यले सिद्ध गरेका ग्रह शीघ्रपरिधि मिलाएर हेर्नुहोस।

| | मंगल | बुध | गुरु | शुक्र | शनि |
|---|---|---|---|---|---|
| सुमतितन्त्र | २३४ | १३२ | ७२ | २६० | ४० |
| वराहमिहिर | ३११।१४।३२ | २११०।३० | ११।२७।३३ | ४११२२।४६ | ६।२१।५७ |
| प्राचीन सूर्यसिद्धान्त | २३४।३७ | १४२।३० | ७२। | २६०। | ४०। |
| प्रथम आर्यभट | २६२।३० सम. प.<br>२३८।३० वि. प. | १३०। ३० सम. प.<br>१३६। ३० वि. प. | ६७।३० सम.<br>७२। वि.प. | २५६।३० सम.<br>२५६।३० वि.प. | ३६ सम.<br>४० वि.प. |
| ब्रह्मगुप्त | २४३।४० विषम | १३२। वि. प. | ६८। वि.प. | २६३। वि.प. २५८ सम. | ३५ विषम |
| द्वितीय आर्यभट | वि. प. २३०।५६ | वि.प. १३४।३० | वि.प. ६६।३० | वि.प. २६१।३० | वि प. ४०।४० |

ग्रह विक्षेपकला सुमतितन्त्रोक्त र अरू आचार्यले सिद्ध गरेको मिलाएर हेर्नुहोस् ।

| | सुमति | वर्तमान सूर्यसिद्धान्त | प्रथम आर्यभट | ब्रह्मगुप्त | द्वितीय आर्यभट | यूरोपीय ज्योतिषी[1] | टालमी[2] | कलादि |
|---|---|---|---|---|---|---|---|---|
| चन्द्र. | × | × | × | × | × | × | × | ,, |
| भौम. | ९० | ९० | ९० | ११० | १०६ | १११ | ९० | ,, |
| बुध. | १३३ | १२० | १२० | १५२ | १३८ | ४२० | ४२० | ,, |
| वृहस्पति | ६० | ६० | ६० | ७६ | ७४ | ७९ | ९० | ,, |
| शुक्र. | १२३ | १२० | १२० | १३६ | १३६ | २०४ | २१० | ,, |
| शनि. | १२६ | १२० | १२० | १३० | १३० | ९० | १५० | ,, |

१. आधुनिक मानलि व्हेरिअनद्वारा निर्णीत
२. बर्जेसकृत सूर्यसिद्धान्तानुवादबाट

सुमतिले आफ्नो तन्त्रमा उल्लेख गरेका चरप्राण ( चरखण्ड ) नेपालको राजधानी काठमाड़ौं नगरको चरप्राण हुनाले सुमति नेपाली हुन् र काठमाड़ौंमा नै उनले सुमतितन्त्र लेखेको हो भन्ने कुरा विवादरहित छ।

जस्तैः—

पञ्चत्वंग्निगजांड्काश्वि बह्नचो दस्र ( भूपयः ),
(मेषादि, ?) मिथुनान्तानि चर प्राणाञ्च प्रवर्तते।
उपर्युक्त चरप्राण ३६५।२९८।१२३ हुन्।

पृष्ठ संख्या ६६ देखि पृष्ठ संख्या ७१ सम्म अर्थात् "अत: परं प्रवक्ष्यामि उदये लग्नसाधनम्।" बाट उठाएर "तौ फलौ योजयित्वा तु तयोरन्तरभोदये। प्राणञ्च भवते तत्र मध्याह्नस्य च प्राक्परे।" सम्म आचार्यले लग्न, मध्यम लग्न ल्याउँदा धेरै थरी गणित देखाएको छ तर विशेषता केही छैन। आर्यभट र ब्रह्मगुप्तले जस्तै तन्त्रकारले पनि अयनांशको उपेक्ष गरेको छ।

---